# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, पुस २४ गते २०५२ साल (संख्या ३८

## भाग ३

श्री ५ को सरकार
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना
गैर सैनिक हवाई उडान नियमावली, २०५२

गैर सैनिक हवाई उडान ( सिभिल एभिएशन ) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "गैर सैनिक हवाई उडान नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) " ऐन" भन्नाले गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारको हवाई विभाग सम्झनु पर्छ ।

(ग) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(घ) "महासन्धि" भन्नाले ७ डिसेम्बर १९४४ मा शिकागोमा हस्ताक्षर भएको अन्तरराष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि सम्झनु पर्छ र सो शब्दले -

(१) सो महासन्धिको धारा ९४ (क) बमोजिम लागू भएको र दुवै पक्षले अनुमोदन गरेको त्यसको कुनै संशोधनहरु, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निर्धारित समयभित्र दुबै पक्षको लागि लागू भएको हदसम्म सो महासन्धिको धारा ९० बमोजिम पारित भएको कुनै एनेक्स वा त्यस्तो एनेक्समा भएको कुनै संशोधन समेतलाई जनाउँछ ।

(ङ) "एनेक्स" भन्नाले अन्तरराष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धिसंग आबद्ध भई सो संगठनद्वारा निर्धारित अन्तरराष्ट्रियस्तर र अनुसंशित विधि ( ईन्टरनेशनल स्टयाण्डर्ड एण्ड रिकमेन्डेड प्राक्टिसेस ) सम्झनु पर्छ ।

(च) "म्यानुअल" भन्नाले अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनबाट निर्धारित नियम, म्यानुअल तथा स्टाण्डर्डहरुको कार्यान्वयनको लागि विभागले ऐन र यस नियमावलीको विपरित नहुने गरी नियम ८१ बमोजिम बनाएका म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्सलाई समेत सम्झनु पर्छ ।

(छ) " क्रू " भन्नाले पाईलट, को-पाइलट, फ्लाईट ईन्जिनीयर, रेडियो अफिसर, फ्लाईट नेभिगेटर, एअर होस्टेस, केबिन एटेण्डेण्ट र पर्सरहरु सम्झनु पर्छ ।

(ज) "व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र" भन्नाले नियम २९ बमोजिम प्रदान गरिने व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र सम्झनु पर्छ ।

## परिच्छेद - २
## हवाई उडान तथा संचालन सम्बन्धी व्यवस्था

३. हवाई उडान र संचालन : ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लेखित व्यवस्थाहरुको विपरित हुने गरी कसैले पनि नेपाल अधिराज्यको हवाई क्षेत्रमा हवाई उडान तथा संचालन गर्नु गराउनु हुंदैन ।

४. उडान अनुमति लिनु पर्ने : नियम ७१ बमोजिम उडान अनुमति नलिई कसैले पनि नेपाल अधिराज्यको हवाई क्षेत्रमा हवाई उडान तथा संचालन गर्नु गराउनु हुंदैन ।

५. दर्ता नभएको वायुयान उडान गर्न नहुने : कुनै पनि मुलुकमा दर्ता नभएको वायुयानलाई नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुंदैन ।

६. राष्ट्रिय चिन्ह अंकित नभएको वायुयान उडान तथा संचालन गर्न नहुने : वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अंकित नभएको कुनै पनि वायुयान नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुंदैन ।

७. उडान योग्यताको प्रमाणपत्र (एअर वर्दिनेश सर्टिफिकेट) नभएको वायुयान उडान तथा संचालन गर्न नहुने : उडान योग्यताको प्रमाणपत्र (एअर वर्दिनेश सर्टिफिकेट) प्राप्त नगरेको कुनै पनि वायुयान नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुंदैन ।

८ व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त क्रू बाहेक अरु कसैले वायुयान उडान र संचालन गर्न नहुने : व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त क्रू बाहेक अरु कसैले पनि नेपाल अधिराज्यको हवाई क्षेत्रमा वायुयान उडान र संचालन गर्नु हुंदैन ।

हवाई उडान तथा वायुयानसंग सम्बन्धित कागजातहरु साथमा राख्नु पर्ने : हवाई उडान तथा वायुयानसंग सम्बन्धित देहायका कागजातहरु साथमा नराखी कसैले पनि नेपाल अधिराज्यको हवाई क्षेत्रमा वायुयान उडान गर्नु हुंदैन :-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यताको प्रमाणपत्र,

(ग) यात्रा अभिलेख पुस्तिका ( जर्नी लग बूक )



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उडानमा रहने प्रत्येक क्रूको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्र,

(ङ) यात्रु बाहक वायुयान भएमा सो वायुयानमा यात्रा गर्ने प्रत्येक यात्रुहरुको नाम, राष्ट्रियता, अवतरण गर्ने स्थान र अन्तिम गन्तव्य स्थल,

(च) एनेक्स तथा म्यानुअलमा उल्लेख भएका अन्य कागजातहरु मध्ये विभागले तोकेका कागजातहरु ।

१०. निषेधित क्षेत्रमा वायुयान उडान गर्न नहुने : श्री ५ को सरकारले पूर्ण रुपमा वायुयान उडान गर्न मनाही गरेको क्षेत्र र तोकिदिएको अवस्था तथा समयमा मात्र उडान गर्न पाउने भनी तोकेको क्षेत्रमा त्यसरी तोकिदिएका अवस्था तथा समयमा बाहेक अन्य अवस्था तथा समयमा कसैले पनि वायुयान उडाउन हुँदैन ।

११. तोकिदिएको स्थान बाहेक अन्य स्थानबाट वायुयान प्रवेश, प्रस्थान तथा उडान गर्न नहुने : श्री ५ को सरकारले तोकेको स्थान बाहेक अन्य कुनै पनि स्थानबाट वायुयान प्रवेश गर्न, प्रस्थान गर्न, उडान गर्न र ओह्राल्न हुँदैन ।

१२. एक कामको लागि निर्मित वायुयान अर्को कामको लागि उडान गर्न नहुने : वायुयान निर्माताले जुन कामको प्रयोजनको लागि वायुयान निर्माण गरेकोछ सोही कामको प्रयोजनको लागि बाहेक अन्य कामको प्रयोजनको लागि उपयोग गर्ने उद्देश्यले त्यस्तो वायुयान कसैले पनि उडान गर्न हुँदैन ।

१३. अनुमति दिएको उडान बाहेक अन्य उडान गर्न नहुने : नियम ७१ बमोजिम जुन प्रकारको उडानको लागि अनुमति दिइएको छ सो बमोजिमको उडान नगरी अन्य कुनै पनि प्रकारको उडान गर्न गराउन हुँदैन ।

१४. वातावरणमा हुने प्रदूषणको सहन सीमा नाघ्ने गरी वायुयान उडान गर्न नहुने : वायुमण्डल तथा वातावरणमा पर्न सक्ने प्रदूषणको प्रभाव कम गर्न विभागले तोकेको प्रदूषणको सहन सीमा नाघ्ने गरी कसैले पनि वायुयान उडान गर्न तथा संचालन गर्न हुँदैन ।

## परिच्छेद – ३
## हवाई उडान र संचालन सम्बन्धी सुरक्षात्मक व्यवस्था

१५. वायुयान चालक ( पाइलट इन कमाण्ड ) सन्तुष्ट हुनुपर्ने : देहाय बमोजिमको कुरामा वायुयान चालक (पाईलट इन कमाण्ड ) सन्तुष्ट नभई वायुयानको उडान गर्न हुँदैन :-

(क) वायुयानको कूल तौल प्रस्तावित उडानको लागि सुरक्षित छ,

(ख) वायुयानमा राखिएका सामानहरु उडान सुरक्षित हुने गरी सन्तुलित र बचावट साथ राखिएका छन्,

(ग) प्रस्तावित उडानको निमित्त आवश्यक र न्यूनतम जगेडा परिमाणमा ईन्धन उपलब्ध छ,

(घ) अन्य दृष्टिकोणबाट वायुयान उडानको लागि सुरक्षित छ ।

१६. जीवनोद्धार सामग्रीको अभावमा वायुयान उडान गर्न नहुने : आकस्मिक तथा संकटकालीन स्थितिमा यात्रुहरुको जीवनोद्धारको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको जीवनोद्धार सामग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा संचालन गर्न हुँदैन ।

१७. अग्नी निवारण सामग्री तथा उपकरणको अभावमा वायुयान उडान गर्न नहुने : यात्रु, वायुयान, विमानस्थल तथा अन्य कुराहरुको सुरक्षाको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको अग्नी निवारण सामग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा संचालन गर्न हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. प्रज्वलनशील तथा खतराजनक वस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न नहुने : विभागले तोकेको प्रज्वलनशील तथा खतराजन्य वस्तु तथा पदार्थ तोकेको परिमाण भन्दा बढी हुने गरी र तोकेको तरिका बाहेक अन्य तरिकाबाट त्यस्ता वस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न हुंदैन ।

१९. क्रू ले पेय पदार्थ सेवन गर्न नहुने : क्रू ले उडान कार्यको क्षमतामा प्रतिकूल असर पर्ने गरी पेय पदार्थ सेवन गरी वायुयान उडान गर्न हुंदैन ।

२०. उडान समयमा वायुयानमा धुम्रपान गर्न नहुने : वायुयान उडान सुरक्षाको दृष्टिकोणले विभागले तोकेको अवस्था र समयमा बाहेक वायुयान उडानको अन्य समयमा क्रू तथा यात्रुहरुले धुम्रपान गर्न हुंदैन ।

२१. अनधिकृत स्थानमा यात्रु तथा मालसामान राख्न नहुने : यात्रु तथा मालसामान राख्ने निश्चित स्थान बाहेक वायुयानको अन्य स्थानमा यात्रु तथा मालसामान राख्न हुंदैन ।

२२. उडान समयमा वायुयानमा राख्न नहुने व्यक्ति : महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक देहाय बमोजिमका व्यक्तिहरुलाई जानी जानी वायुयानमा राखी कसैले पनि वायुयान उडान गर्न हुंदैन :-

(क) मानसिक स्थिति ठीक नभई होस ठेगाना नभएको वा बहुलाएको,

(ख) प्रचलित कानून बमोजिम कैदको सजाय भोगीरहेको व्यक्ति ।

२३. जीव, जन्तु, चरा आदिलाई उडान समयमा वायुयानमा राख्न नहुने : महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक उडान समयमा जीव, जन्तु, चरा आदिलाई वायुयानमा राख्न हुंदैन ।

## परिच्छेद - ४
## दर्ता तथा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी व्यवस्था

२४. वायुयानको दर्ता : (१) यस नियमावली बमोजिम वायु सेवा संचालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो नाउंमा रहेको वायुयान नेपाल अधिराज्यमा दर्ता गर्न चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा आवश्यक विवरणहरु खुलाई अनुसूची १ मा तोकिएको दस्तुर सहित महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी एनेक्स तथा म्यानुयलमा उल्लेख भएको ढांचामा वायुयान दर्ता किताबमा वायुयान दर्ता गरी दरखास्तवालालाई वायुयान दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम दर्ता भएको वायुयानलाई नेपाली वायुयान मानिनेछ ।

२५. वायुयान दर्ता नगरिने : नियम २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै पनि वायुयानलाई यस नियमावली बमोजिम दर्ता गरिने छैन :-

(क) अन्य मुलूकमा दर्ता भैरहेको वायुयान,

(ख) शाही नेपाली सेना, नेपाल प्रहरी र भंसारको स्वामित्वमा रहेको वायुयान ।

२६. वायुयानको बिक्री वा हस्तान्तरण गर्दा विवरण दाखिला गर्नु पर्ने : (१) नेपाल अधिराज्यमा दर्ता भएको वायुयानको धनीले आफनो वायुयान अरु कसैलाई बिक्री वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न चाहेमा महानिर्देशकबाट स्वीकृति लिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप नियम (१) बमोजिम स्वीकृति नलिई गरेको बिक्री वा हस्तान्तरण मान्य हुने छैन ।

(३) नेपाल अधिराज्यमा दर्ता भएको वायुयान बिक्री वा हस्तान्तरण गर्न चाहने व्यक्ति वा संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा आवश्यक विवरणहरु खुलाई अनुसूची १ बमोजिमको दस्तुर सहित महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उप-नियम (३) बमोजिम दरखास्त परेपछि महानिर्देशकले दरखास्तवालाको वायुयान अन्य कुनै व्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गरेको व्यहोरा एनेक्स तथा म्यानुअलमा तोकिएको ढांचामा अभिलेख खडा गरी जनाई राख्नु पर्नेछ ।

(५) उप-नियम (४) बमोजिम वायुयान बिक्री वा हस्तान्तरणको अभिलेख खडा गरेपछि वायुयान खरीद वा ग्रहण गर्ने व्यक्ति वा संस्थाले सो सम्बन्धमा भएको लिखत वा सम्झौतापत्र र आफनो नाउंमा सो वायुयान दर्ता भएको प्रमाणपत्र समेत संलग्न राखी महानिर्देशक समक्ष दाखिल गर्नु पर्नेछ ।

(६) उप-नियम (५) बमोजिमका लिखतहरु महानिर्देशक समक्ष दाखिल भएपछि महानिर्देशकले वायुयानको साबिकको धनीको नाम वायुयान दर्ता किताबबाट हटाई निजको नाममा रहेको वायुयान दर्ता प्रमाणपत्र समेत खारेज गरी दिनु पर्नेछ ।

(७) उप-नियम (६) बमोजिम वायुयान दर्ता प्रमाणपत्र खारेज भए पछि वायुयानको नयाँ धनीले सो वायुयान नेपाल अधिराज्यमा दर्ता गराउन चाहेमा नियम २४ बमोजिम महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

२७. <u>वायुयानको दर्ता खारेजी</u> : (१) नेपाल अधिराज्यमा कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको वायुयान चलाउन नसकिने गरी नासिएमा वा नेपाल अधिराज्यभित्र उपयोग नगर्ने गरी स्थायी रुपमा कुनै किसिमबाट विदेश तर्फ पठाइएमा त्यस्तो वायुयानको धनीले सो वायुयानको दर्ता खारेजीको लागि सो कुराको सूचना एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढांचामा आवश्यक विवरणहरु खुलाई सो वायुयानको दर्ता प्रमाणपत्र समेत राखी महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको सूचना पाएपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी वायुयान दर्ता किताबबाट सो वायुयानको नाम हटाई सम्बन्धित वायुयानको दर्ता प्रमाणपत्र समेत खारेज गर्नु पर्नेछ ।

२८. <u>वायुयानको राष्ट्रिय चिन्ह</u> : (१) नेपाल अधिराज्यमा दर्ता भएको वायुयानको नेपाली राष्ट्रिय चिन्ह अंक र अक्षरमा 9N हुनेछ र राष्ट्रिय चिन्ह पछि एक सानो धर्को (-) तानी त्यसपछि पहिलो वायुयानको हकमा तीन रोमन अक्षरको रजिष्ट्रेशन चिन्ह जस्तो कि 9N - A A A रहनेछ ।

तर भि. भि. आई. पी. फ्लाईटको वायुयानमा राष्ट्रिय चिन्ह पछि एक धर्को (-) तानी त्यसपछि RA भन्ने प्रष्ट दुई रोमन अक्षर र अन्तमा एक अर्को रोमन "आर" अक्षर जस्तोकि 9N - R A A रहनेछ । एक भन्दा बढी त्यस्तो वायुयान भएमा कमश : B, C, D थपिने छ ।

(२) उप-नियम (१) बमोजिम वायुयानको राष्ट्रिय चिन्ह दिने अधिकार महानिर्देशकलाई हुनेछ।

(३) उप-नियम (१) बमोजिम वायुयानमा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी अन्य विवरण अनुसूची २ मा निर्धारण गरिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६

परिच्छेद – ५
व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र
सम्बन्धी व्यवस्था

२९ व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र जारी गर्ने अधिकारी : ऐन तथा यस नियमावलीको अन्य व्यवस्थाहरुको अधीनमा रही वायु सेवा संचालन सम्बन्धमा आवश्यक पर्ने देहाय बमोजिमका व्यक्तिगत ईजाजत, रेटिंग तथा प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछ :-

(क) विद्यार्थी वायुयान चालक ईजाजतपत्र,

(ख) व्यक्तिगत वायुयान चालक ईजाजतपत्र

(ग) परिक्षण ( सामयिक ), अस्थायी वा प्रतिबन्धित वायुयान चालक ईजाजतपत्र,

(घ) व्यापारिक वायुयान चालक ईजाजतपत्र,

(ङ०) वरिष्ठ व्यापारिक वायुयान चालक ईजाजतपत्र,

(च) एयरलाइन ट्रान्सपोर्ट वायुयान चालक ईजाजतपत्र,

(छ) ईन्स्ट्रुमेण्ट रेटिंग

(ज) सहायक उडान ईन्स्ट्रक्टर रेटिंग,

(झ) उडान ईन्स्ट्रक्टर रेटिंग,

(ञ) ग्लाईडर चालक ईजाजतपत्र,

(ट) विद्यार्थी उडान संचालन ईजाजतपत्र । वायुयान डिस्प्याचर ईजाजतपत्र,

(ठ) उडान संचालन अधिकृत ( फ्लाईट अपरेशन अफिसर ) वा एअरक्राफ्ट डिस्प्याचर ईजाजतपत्र,

(ड) विद्यार्थी उडान ईन्जिनीयर ईजाजतपत्र,

(ढ) उडान ईन्जिनीयर ईजाजतपत्र,

(ण) उडान रेडियो टेलिफोन संचालक ईजाजतपत्र,

(त) उडान रेडियो संचालक ईजाजतपत्रपत्र,

(थ) वायुयान रेडियो मोबाईल ईजाजतपत्र,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) एयर ट्राफिक कन्ट्रोलर ईजाजतपत्र । रेटिंग,

(ध) एक भन्दा बढी किसिमको वायुयान रेटिंग,

(न) हवाई उडान निरीक्षक प्रमाणपत्र

(प) चेक पाईलट परीक्षक प्रमाणपत्र,

(फ) ट्रेनिंग पाईलट अधिकारपत्र,

(ब) टेक्निकल अफिसर, रेडियो, इलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनीयरिंग सन्चार तथा उड्डयन सहाय सम्बन्धी ईजाजतपत्र ।

३० मेडिकल बोर्ड : (१) उडान दलको सदस्य तथा अन्य कुनै पनि व्यक्तिको लागि आवश्यक पर्ने शारीरिक योग्यता जांच गर्न तथा स्वास्थ्य योग्यता सम्बन्धी प्रमाणपत्र प्रदान गर्नको लागि विभागले योग्य चिकित्सकहरु रहेको एक मेडिकल बोर्ड तथा एरो-मेडिकल एक्जामीनर समूह गठन गर्नेछ । बोर्डमा आवश्यक संख्यामा विभिन्न विशेषज्ञहरु तथा सल्लाहकारहरु समावेश गर्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम गठन हुने मेडिकल बोर्डको सदस्य तथा एरो-मेडिकल एक्जामीनर हुनको लागि श्री ५ को सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा पोष्टग्रेजुएट उपाधि हासिल गरेको हुनुपर्छ ।

३१. स्वास्थ्य सम्बन्धी योग्यता : विभागद्वारा तोकिएको चिकित्सकहरुको समूहद्वारा स्वास्थ्य परीक्षण हुंदा एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिमको स्तरको स्वास्थ्य प्रतिवेदन नभएको कुनै पनि व्यक्तिलाई व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्र प्रदान गरिने छैन ।

३२. उमेर तथा अन्य योग्यता : व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र लिनको लागि आवश्यक पर्ने उमेर तथा अन्य योग्यता एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

३३. परीक्षा र तत्सम्बन्धी कार्यविधि : (१) महानिर्देशकले लिएको परीक्षा उत्तीर्ण नगरेको कुनै पनि व्यक्तिलाई व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिइने छैन ।

(२) उप-नियम (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम र पाठ्यांश भार निर्धारण गरी परीक्षा सन्चालन गर्न महानिर्देशकले परीक्षा सन्चालन समिति गठन गर्ने छ ।

(३) उप-नियम (२) बमोजिम गठित परीक्षा सन्चालन समितिको काम, कर्तव्य र अधिकार लगायत परीक्षा संचालन सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

(४) उप-नियम (१) बमोजिम लिइने परीक्षा दस्तुर अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

३४. सक्षम व्यक्तिलाई मात्र व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्रदान गरिने : नियम ३३ बमोजिम लिईएको परीक्षा उत्तीर्ण भई वायुयान उडान तथा सो संग सम्बन्धित काम गर्न सक्षम ठहरिएको व्यक्तिलाई मात्र व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्रदान गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्र र दस्तुर : (१) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र पाउनको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा दरखास्तसाथ त्यस्तो ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बापत अनुसूची १ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिईने दरखास्तको ढांचा र ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिने सम्बन्धी अन्य कुराहरु एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

३६. ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको अवधि : नियम २९ बमोजिम दिइएको सोहि नियमको देहायका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रहरु नियम ३९ बमोजिम अगावै खारेज भएमा बाहेक देहायको अवधिसम्म मान्य हुनेछ :-

(क) खण्ड (क), (ख), (ञ), (ठ), (द), (न), (प), (फ) र (ब) बमोजिमको रेटिंग तथा प्रमाणपत्र दुई वर्षसम्म ।

(ख) खण्ड (ग) बमोजिमको सामयिक ईजाजतपत्रको चार महिना, अस्थायी ईजाजतपत्रको एक महिना र प्रतिबन्धित ईजाजतपत्र सोही ईजाजतपत्रमा उल्लेखित अवधिसम्म ।

(ग) खण्ड (घ), (ङ०), (च), (ट), (ड), (ढ), (ण), (त) र (थ) बमोजिमका ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र एक वर्षसम्म ।

तर चालीस वर्ष उमेर पुगेको व्यक्तिलाई खण्ड (च) र (द) बमोजिमको इजाजतपत्र केवल छ महिनाको लागि मात्र प्रदान गरिनेछ ।

(घ) **खण्ड (छ), (ज), (झ) र (ध) बमोजिम दिइएको रेटिंगमा रेटिंग अवधि तोकिएकोमा बाहेक जुन इजाजत पत्रको सम्बन्धमा त्यस्तो रेटिंग प्रदान गरिएको हो सो इजाजतको अवधि सम्म ।**

३७. व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको नवीकरण र दस्तुर : (१) नियम ३६ बमोजिम तोकिएको अवधि समाप्त भएका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा त्यस्ता व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नवीकरण बापत अनुसूची - १ बमोजिमको दस्तुर समेत बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिइने दरखास्तको ढांचा र व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

३८. व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता : (१) अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट प्रदान गरिएको व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्र त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्मको लागि नेपाल अधिराज्यमा प्रयोग गर्न पाउने गरी महानिर्देशकले कुनै शर्त बंदेज तोकी वा नतोकी मान्यता दिन सकनेछ ।

(२) उप-नियम (१) बमोजिम दिएको मान्यता सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको अभिन्न अंग मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. __व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको निलम्बन तथा खारेजी__ : (१) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकले ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलको विपरित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो बाहकको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र, खारेज गर्ने वा सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन गर्ने आदेश दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र खारेज वा निलम्बनको आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

४०. __व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने__ : (१) नियम ३८ बमोजिम मान्यता दिईएका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकले मान्यता दिंदा तोकेको शर्त तथा ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअल विपरित हुने गरी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिने आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

४१. __छूट दिन सक्ने__ : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिक हवाई उडान दलको सदस्यता प्राप्त गरेको वा गैर सैनिक हवाई उडानमा सरकारी मान्यता प्राप्त उडान सम्बन्धी अनुभव र प्राविधिक ज्ञान भएको वा महानिर्देशकले तोकेको कुनै विशेष परीक्षा संतोषजनक रुपबाट उत्तीर्ण भएको कुनै व्यक्तिको सम्बन्धमा महानिर्देशकले निजको प्राविधिक ज्ञान र क्षमताको समेत बिचार गरी हवाई सेवा संचालन सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्रको लागि चाहिने योग्यताहरुमध्ये केही योग्यताहरुमा छूट दिन सक्नेछ ।

परिच्छेद - ६

__उडान योग्यता ( एअर नर्दिनेश )__

४२. __हवाई उडान योग्यताको स्तर__ : (१) नेपाल अधिराज्यमा लागू हुने हवाई उडान योग्यताको स्तर एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

(२) उप-नियम (१) बमोजिम स्तर नतोकिएसम्म नेपाल अधिराज्यसंग सम्बन्ध स्थापना भएको जुन मुलुकको अख्तियारवालाले हवाई उडान योग्यताको प्रमाणपत्र दिएकोछ सोही मुलुकमा लागू रहेको हवाई उडान योग्यताको स्तर नेपालमा लागू रहनेछ ।

४३. __हवाई उडान योग्यताको प्रमाणपत्र र दस्तुर__ : (१) हवाई उडान योग्यताको प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) हवाई उडान योग्यताको प्रमाणपत्रको लागि दिईने दरखास्तको ढांचा, हवाई उडान योग्यताको प्रमाणपत्रको ढांचा र तत्सम्बन्धी अन्य कार्यविधि तथा विवरण एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

439

(३) उप-नियम (२) बमोजिम दरखास्त दिंदा अनुसूची-१ बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्र दस्तुर बुझाउनु पर्नेछ ।

४४. <u>हवाई उडान योग्यताको प्रमाणपत्रको अवधि</u> : यस नियमावली बमोजिम वायुयानको नियमित निरीक्षणको क्रममा कुनै वायुयान सुरक्षाको दृष्टिकोणले उडान गर्न नहुने गरी बिग्रिएको अवस्थामा फेला परेमा सोको मर्मतको लागि महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक यस नियमावली बमोजिम दिईएको हवाई उडान योग्यताको प्रमाणपत्रको अवधि एक वर्षसम्म मान्य हुनेछ ।

४५. <u>हवाई उडान योग्यताको प्रमाणपत्रको नवीकरण र दस्तुर</u> : (१) नियम ४४ बमोजिमको अवधि समाप्त भएका हवाई उडान योग्यताको प्रमाणपत्र नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा त्यस्तो हवाई उडान योग्यताको प्रमाणपत्र नवीकरण बापत अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिइने दरखास्तको ढांचा र हवाई उडान योग्यताको प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

४६. <u>हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता</u> : (१) अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्र त्यस्तो प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्मको लागि उक्त वायुयान नेपाल अधिराज्यमा उडाउन पाउने गरी महानिर्देशकले कुनै शर्त बन्देज तोकी वा नतोकी मान्यता दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिइएको मान्यता सम्बन्धित हवाई उडान योग्यताको प्रमाणपत्रको अभिन्न अंग मानिनेछ ।

४७. <u>हवाई उडान योग्यताको प्रमाणपत्रको खारेजी तथा निलम्बन</u> : (१) कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लेखित शर्त र ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको विपरित वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको उडान योग्यताको प्रमाणपत्र खारेज गर्न वा सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन गर्ने आदेश दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्बन गर्ने आदेश दिनु अघि सम्बन्धित वायुयान धनीलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

४८. <u>हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने</u> : (१) नियम ४६ बमोजिम मान्यता प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्र प्राप्त वायुयानलाई त्यस्तो मान्यता प्रदान गर्दा तोकिएको शर्त र ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित शर्त विपरित उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको सम्बन्धमा दिइएको हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्रमा मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान धनीलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ७
## वायुयानको मर्मत तथा संभार

४९. आवधिक रुपमा वायुयानको ओभरहल मर्मत तथा संभार गर्नु पर्ने : (१) नियम ४३ बमोजिम प्रदान गरिएको वा नियम ४६ बमोजिम मान्यता प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्रमा तोकिएको अवधि भित्र प्रत्येक वायुयान तथा वायुयानको ईन्जिन तथा अन्य पार्टपुर्जाहरु प्रचलित कानून बमोजिम स्थापना भएको वा नियम ५५ बमोजिम मान्यता प्राप्त वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) वा उद्योग व्यवसायीबाट आवधिक रुपमा ओभरहल मर्मत गराउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम वायुयानको ओभरहल मर्मत गराइएकोमा सो व्यहोरा सम्बन्धित वायुयान मर्मत तथा संभार (एअर वर्क्स) बाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(३) वायुयानको ओभरहल मर्मत गर्ने र सो व्यहोरा प्रमाणित गराउने सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

५०. वायुयानको मर्मत तथा संभार : (१) नियम ४९ बमोजिम वायुयानको ओभरहल मर्मत गराउनु पर्ने अवस्थामा बाहेक सुरक्षाको दृष्टिकोणले त्यस्तो कुनै वायुयानको मर्मत तथा संभार गराउन वा त्यस्को कुनै पार्टपुर्जा फेर्न महानिर्देशकले आवश्यक देखेमा सम्बन्धित वायुयानको धनी तथा मर्मत तथा संभार ईन्जिनीयरलाई आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिईएको आदेश बमोजिम वायुयानको मर्मत तथा संभार नगरी वा पार्टपूर्जा नफेरी त्यस्तो वायुयानको उडान गर्नु हुंदैन ।

(२) उप-नियम (१) बमोजिम वायुयानको मर्मत तथा संभार गर्ने तरिका एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ र सो बमोजिम मर्मत तथा संभार भए नभएको कुराको निरीक्षण नियम ५९ बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति वा नियम ६० बमोजिम मान्यता प्राप्त व्यक्तिबाट गराउनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम गरिएको निरीक्षण प्रतिवेदन सम्बन्धित ईजाजत प्राप्त व्यक्तिले एनेक्स तथा म्यानुयलमा तोकिए बमोजिम तयार गरी प्रमाणित गरी दिनु पर्नेछ ।

५१. वायुयान मर्मत संभार अभिलेख : नियम ४९ र ५० बमोजिम गरिएको वायुयानको मर्मत तथा संभार सम्बन्धी कुराहरु एनेक्स तथा म्यानुअलमा तोकिएको ढांचामा अद्यावधिक रुपमा तयार गरी नियम ५९ बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति वा नियम ६० बमोजिम मान्यता प्राप्त व्यक्तिबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

५२. नियमित निरीक्षण : (१) कुनै पनि यात्रुबाहक वायुयान उडान गर्नु अघि उक्त वायुयानमा संचालनको निमित्त आवश्यक पर्ने सबै यन्त्र र सरसामानहरु ठीक अवस्थामा जडान भएका छन् भनी नियम ५९ बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति वा नियम ६० बमोजिम मान्यता प्राप्त व्यक्तिले निरीक्षण गरी प्रमाणित नगरेसम्म उक्त वायुयानको उडान गर्न हुंदैन ।

(२) उप-नियम (१) बमोजिम वायुयानको नियमित निरीक्षण सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

५३. वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) : (१) वायुयान वा वायुयानको पार्टपूर्जा मर्मत तथा संभार (एअर वर्क्स) वा यस्तै अन्य कुनै उद्योग व्यवसाय स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालय समक्ष अनुमतिको लागि दरखास्त दिनु अगावै महानिर्देशकबाट ईजाजतपत्र लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम ईजाजत लिनको लागि महानिर्देशक समक्ष दिने दरखास्तको ढांचा तथा सो सम्बन्धी अन्य विवरण र कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

(३) उप-नियम (२) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी दरखास्तवालालाई नेपाली वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) सम्बन्धी उद्योग व्यवसाय संचालन गर्न अनुमतिपत्र प्रदान गर्न सिफारिश साथ एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिमको ढांचामा ईजाजतपत्र दिनेछ ।

(४) उप-नियम (३) बमोजिम दिइने ईजाजतपत्र बापत लाग्ने दस्तुर अनुसूची-१ बमोजिम हुनेछ ।

५४. <u>वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्री वितरण गर्ने संस्था</u> : (१) वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्री वितरण गर्ने संस्था वा यस्तै प्रकारको व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालय समक्ष अनुमतिको लागि दरखास्त दिनु अगावै महानिर्देशकबाट ईजाजतपत्र लिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम ईजाजतपत्र लिनको लागि महानिर्देशक समक्ष दिने दरखास्तको ढांचा तथा सो सम्बन्धी अन्य विवरण र कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

(३) उप-नियम (२) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी दरखास्तवालालाई वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्री वितरणको व्यवसाय संचालन गर्न अनुमतिपत्र प्रदान गर्न सिफारिशसाथ एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिमको ढांचामा ईजाजतपत्र दिनेछ ।

(४) उप-नियम (३) बमोजिम दिइने ईजाजतपत्र बापत लाग्ने दस्तुर अनुसूची-१ बमोजिम हुनेछ।

५५. <u>वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) को मान्यता</u> : (१) अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट वायुयान मर्मत तथा संभार (एअर वर्क्स) सम्बन्धी उद्योग व्यवसाय संचालन गर्न प्रदान गरेको ईजाजतपत्र अनुसार स्थापना गरेको वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) लाई महानिर्देशकले कुनै शर्त तोकी वा नतोकी नेपाली वायुयानको मर्मत तथा संभार र ओभरहल गर्न पाउने गरी मान्यता दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

५६. <u>ईजाजतपत्र प्राप्त वा मान्यता प्राप्त एअर वर्क्सबाट मात्र मर्मत तथा संभार गर्नु पर्ने</u> : नियम ५३ बमोजिम ईजाजतपत्र प्राप्त वा नियम ५५ बमोजिम मान्यता प्राप्त एअर वर्क्सबाट गराईएको नेपाली वायुयानको मर्मत तथा संभारलाई मात्र मान्यता दिइनेछ ।

५७. <u>वायुयान मर्मत तथा संभार (एअर वर्क्स) ईजाजतको निलम्बन तथा खारेजी</u> : (१) वायुयान मर्मत तथा संभार (एअर वर्क्स) स्थापनाको लागि नियम ५३ बमोजिम ईजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो व्यक्ति वा संस्थाको ईजाजतपत्र सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन वा खारेज गर्ने आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम निलम्बन वा खारेजीको आदेश दिएकोमा सोको जानकारी प्रचलित कानून बमोजिम वायुयान मर्मत तथा संभार (एअर वर्क्स) दर्ता गर्ने कार्यालयलाई समेत दिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम वायुयान मर्मत तथा संभार (एअर वर्क्स) निलम्बन वा खारेज गर्नु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

५८. <u>वायुयान मर्मत तथा संभार ( एअर वर्क्स ) को मान्यता फिर्ता लिन सकिने</u> : (१) नियम ५५ बमोजिम मान्यता प्राप्त वायुयान मर्मत तथा संभार (एअर वर्क्स) ले नेपाली वायुयानको मर्मत तथा संभार वा ओभरहल गर्दा ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कुनै कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुयान मर्मत तथा संभार (एअर वर्क्स) को मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान मर्मत तथा संभार (एअर वर्क्स) लाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

५९. <u>एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र</u> : (१) एयरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र पाउनको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ र त्यसरी दरखास्त दिंदा दरखास्तसाथ त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बापत अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिमको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र लिने व्यक्तिको लागि आवश्यक पर्ने योग्यता एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

(४) महानिर्देशकले लिएको परीक्षा उत्तीर्ण नगरी कुनै पनि व्यक्तिलाई उप-नियम (१) बमोजिमको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिईनेछैन ।

(५) उप-नियम (४) बमोजिम लिईने परीक्षाको पाठ्यक्रम र पाठ्यांश भार निर्धारण गरी परीक्षा संचालन गर्न महानिर्देशकले परीक्षा संचालन समिति गठन गर्ने छ ।

(६) उप-नियम (५) बमोजिम गठित परीक्षा संचालन समितिको काम, कर्तव्य र अधिकार लगायत परीक्षा संचालन सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

६०. <u>एअरक्राफट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता</u> : (१) अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट प्रदान गरिएको एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए.एम.टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रलाई महानिर्देशकले कुनै शर्त तोकी वा नतोकी नेपाली वायुयानको मर्मत तथा संभार कार्यमा प्रयोग गर्न पाउने गरी मान्यता दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिएको मान्यता सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको अभिन्न अंग मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (१) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

६१. एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र रेटिंग तथा प्रमाणपत्रको निलम्बन तथा खारेजी : (१) वायुयान मर्मत तथा संभार सम्बन्धमा नियम ५९ बमोजिम प्रदान गरिएको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्तिले ऐन, यस नियमवली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्थाको विपरित कार्य गरेमा महानिर्देशकले त्यस्ता व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्तिको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन वा खारेज गर्ने आदेश दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम निलम्बन वा खारेजीको आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

६२. एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने : (१) नियम ६० बमोजिम मान्यता प्रदान गरिएको एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए.एम.टी.) सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्तिले ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कुनै कार्य गरेमा महानिर्देशकले त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ।

(२) उप-नियम (१) बमोजिम मान्यता फिर्ता लिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

## परिच्छेद - ८
## हवाई यातायात सेवा संचालन

६३. अनुमतिपत्र नलिई हवाई यातायात सेवा संचालन गर्न नहुने : यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि हवाई यातायात सेवा संचालन गर्नु हुँदैन ।

६४. हवाई यातायात सेवा संचालन गर्ने अनुमतिपत्रको लागि दरखास्त दिने : (१) प्रचलित कानून बमोजिम स्थापित **वायु सेवा** संचालन संस्थाले हवाई यातायात सेवा संचालन गर्ने अनुमतिपत्रको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त दिंदा हवाई यातायात सेवा संचालन अनुमतिपत्र बापत अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी, दरखास्तवालाको माग अनुसार वा आवश्यक संशोधन गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा दरखास्तवालालाई **वायु सेवा** संचालन अनुमतिपत्र दिन सक्नेछ ।

(४) हवाई यातायात सेवा संचालन गर्ने अनुमतिपत्रको दरखास्त दिने र अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी अन्य कार्यविधि, एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२२८

६५. अनुमतिपत्रको अवधि : नियम ६४ बमोजिम प्रदान गरिएको हवाई यातायात सेवा संचालन अनुमतिपत्रको अवधि नियम ६७ बमोजिम अगावै रद्द गरिएको अवस्थामा बाहेक एक वर्षको हुनेछ ।

६६. भाडामा चलाएको वायुयानको आवश्यक विवरण उपलब्ध गराउनु पर्ने : नियम ६४ बमोजिम अनुमति प्राप्त वायुसेवा संचालन गर्ने संस्थाले अन्य मुलुकमा दर्ता भएको वायुयान भाडामा लिई संचालन गर्ने भए एनेक्स तथा म्यानुअल अनुसार भाडा सम्बन्धी विवरण सहितको जानकारी महानिर्देशकलाई दिनु पर्छ ।

६७. हवाई यातायात सेवा संचालन अनुमतिपत्र रद्द गर्ने : (१) नियम ६४ बमोजिम प्रदान गरिएको हवाई यातायात सेवा संचालन अनुमतिपत्र प्राप्त वायुसेवा संचालन गर्ने संस्थाले ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लेखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुसेवा संचालन गर्ने संस्थाको हवाई यातायत सेवा संचालन अनुमतिपत्र सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन गर्ने वा रद्द गर्ने आदेश दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम निलम्बन वा रद्द गर्ने आदेश दिएकोमा सो को जानकारी प्रचलित कानून बमोजिम त्यस्तो वायुसेवा संचालन गर्ने संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम निलम्बन वा रद्द गर्ने आदेश दिनु अघि सम्बन्धित वायुसेवा संचालन गर्ने संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

६८. हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कूल) संचालन गर्ने अनुमतिपत्रको लागि दरखास्त दिने : (१) प्रचलित कानून बमोजिम स्थापित हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कूल) ले हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्रको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त दिंदा हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्र बापत अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जांचबुझ गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक संशोधन गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा दरखास्तवालालाई हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्र दिन सक्नेछ ।

(४) हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्रको दरखास्त दिने र अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

६९. अनुमतिपत्रको अवधि र नवीकरण : नियम ६८ बमोजिम दिईएको अनुमतिपत्रको अवधि नियम ७० बमोजिम अगावै रद्द गरिएको अवस्थामा बाहेक एकवर्षको हुनेछ र नवीकरणको लागि विभागले तोकेको दस्तुर सहित निवेदन दिएमा महानिर्देशकले एकवर्षको लागि नवीकरण गरी दिनेछ ।

७०. हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कूल) संचालन गर्ने अनुमतिपत्र निलम्बन गर्ने वा रद्द गर्ने : (१) नियम ६८ बमोजिम हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्र प्राप्त हवाई उडान संचालन गर्ने संस्थाले ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने अनुमतिपत्र सोही आदेशमा तोकिएको अवधिसम्मको लागि निलम्बन गर्ने वा रद्द गर्ने आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६

(२) उप-नियम (१) बमोजिम निलम्बन वा रद्द गर्ने आदेश दिएकोमा सोको जानकारी प्रचलित कानून बमोजिम त्यस्तो हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम निलम्बन वा रद्द गर्ने आदेश दिनु अघि सम्बन्धित हवाई उडान सम्बन्धी प्रशिक्षण संचालन गर्ने संस्थालाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

## परिच्छेद - ९
## उडान तथा अवतरण अनुमति

७१. उडान अनुमति लिनु पर्ने : (१) नेपाल अधिराज्यको हवाई उडान क्षेत्र भित्र कुनै वायुयान उडान गर्न वा कुनै विमानस्थलको धावनमार्ग तथा हेलिप्याडमा उडान तथा अवतरण गर्ने अनुमति पाउन सम्बन्धित वायुयान धनीले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले अनुमति दिनु पर्ने वायुयानको प्राविधिक पक्ष, विमानस्थल र विमानस्थलको धावनमार्ग समेतलाई बिचार गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक संशोधन समेत गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढांचामा दरखास्तवालालाई उडान तथा अवतरण अनुमति दिन सक्नेछ ।

(३) उप-नियम (२) को अधिनमा रही महानिर्देशकले देहाय बमोजिम उडान तथा अवतरण अनुमति प्रदान गर्न सक्नेछ : -

(क) द्विपक्षीय तथा बहुपक्षीय हवाई उडान सम्झौता भई संचालन हुने नियमित (सेड्यूल्ड) अन्तरराष्ट्रिय उडान,

(ख) अनिश्चित ( नन् सेड्यूल्ड ) र चार्टर अन्तरराष्ट्रिय उडान,

(ग) आकस्मिक उडान,

(घ) कुटनैतिक उडान,

(ङ) परीक्षण उडान,

(च) निजी उडान,

(छ) ग्लाईडर, हैग ग्लाइडर, प्यारा ग्लाइडर, बेलून, माइक्रोलाईट तथा सेल प्लेन उडान,

(ज) सबै किसिमका आन्तरिक उडान ।

(४) उप-नियम (३) को खण्ड (ग) अनुसारको उडान अनुमति आवश्यकतानुसार मौखिक रुपमा पनि माग्न र दिन सकिनेछ ।

(५) उप-नियम (३) को खण्ड (छ) बमोजिमको उडान अनुमति दस्तुर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७२. उडान अनुमति नदिइने : देहाय बमोजिमका आवश्यकता पूरा नगरेका कुनै पनि वायुयानलाई नियम ७१ बमोजिम उडान अनुमति दिइने छैन : -

(क) राष्ट्रिय रजिष्ट्रेशन चिन्ह अंकित नगरेका,
तर नियम ७१ को उपनियम (३) को खण्ड (छ) बमोजिमका उडानको हकमा महानिर्देशकले यो खण्ड बमोजिमको शर्त पूरा नगरेको भएतापनि उडान अनुमति दिन सक्नेछ ।

(ख) उडान योग्यताको प्रमाणपत्र नभएको,

(ग) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नभएका वा आवश्यक संख्यामा क्रू नभएको,

(घ) हवाई उडानको लागि आवश्यक कागजात नभएको ।

## परिच्छेद -१०
## संचार र विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था

७३. विभाग बाहेक अरुले प्रकाश र संकेतको व्यवस्था गर्न नहुने : (१) विमानस्थल, विमानस्थल क्षेत्र र वायुयान प्रस्थान गर्ने तथा ओह्राल्ने भनी तोकिएको स्थानमा अन्य कसैले टहरा, टावर, लठ्ठा, रुख जस्ता कुनै कुरा खडा गरी वायुयान चालकलाई भ्रम पर्ने किसिमको कुनै प्रकारको प्रकाशको व्यवस्था गर्नु हुंदैन ।

(२) उप-नियम (१) बमोजिम विभागले प्रकाशको व्यवस्था गर्दा अपनाउनु पर्ने अन्य प्राविधिक शर्त बन्देज एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

७४. वायुयान संचार तथा उड्डयन सहाय उपकरणहरु जडान भएको हुनपर्ने : (१) नेपाल अधिराज्यमा दर्ता भएको प्रत्येक सार्वजनिक यात्रु बाहक वायुयानमा सूचनाहरु आदान प्रदान गर्न र उड्डयन सहायको लागि चाहिने रेडियो संचार तथा उड्डयन सहाय उपकरणहरु जडान भएको हुनुपर्नेछ ।

(२) उप-नियम (१) बमोजिम वायुयानमा संचार तथा उड्डयन सहाय उपकरणहरु जडान सम्बन्धी अन्य प्राविधिक कुराहरु एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

७५ अनुमति बिना विमानस्थल क्षेत्रमा प्रवेश गर्न नहुने : देहाय बमोजिमका व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति महानिर्देशक वा अधिकार प्राप्त व्यक्तिको आदेश बिना विमानस्थल क्षेत्रमा प्रवेश गर्न हुंदैन : -

(क) हवाई यात्रुहरु,
(ख) हवाई उडान र विमानस्थलको कार्यसंग सम्बन्धित व्यक्तिहरु,
(ग) मालसामान तथा चिठ्ठीपत्र ओसार पसार गरी वायुयानसम्म पु-याउने वा वायुयानबाट ल्याउने कार्यसंग सम्बन्धित व्यक्तिहरु

७६. बधशाला स्थापना गर्न नहुने : विमानस्थल क्षेत्रको दश किलोमिटर वरपर कसैले पनि बधशाला स्थापना गर्नु हुंदैन ।

७७. वातावरण दुषित पार्न नहुने : विमानस्थलको वरपर कसैले पनि वातावरणलाई दूषित पार्ने किसिमको फोहर मैला आदि थुपार्न र फ्यांक्न हुंदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ११
## विविध

७८. लग बूक : (१) नेपाल अधिराज्यमा दर्ता भएको प्रत्येक वायुयानले देहाय बमोजिमको लग बूक अद्यावधिक रुपमा कायम राख्नु पर्नेछ : -

(क) यात्रा लगबूक,

(ख) वायुयान लगबूक,

(ग) एक ईन्जिन भएको वायुयानको हकमा एक ईन्जिन लगबूक र एक भन्दा बढी ईन्जिन भएको वायुयानमा प्रत्येक ईन्जिनको लागि छुट्टा छुट्टै ईन्जिन लग बूक,

(घ) एक पीच प्रोपेलर भएको वायुयानको हकमा एक पीच प्रोपेलर लगबूक र एक भन्दा बढी पीच प्रोपेलर भएको वायुयानमा प्रत्येक पीच प्रोपेलरको लागि छुट्टा छुट्टै पीच प्रोपेलर लगबूक,

(ङ) रेडियो पार्ट्स रहेको वायुयानको हकमा रेडियो पार्ट्स लगबूक ।

(२) उप-नियम (१) को खण्ड (क) बमोजिमको यात्रा लगबूक जारी गर्ने अधिकार महानिर्देशकलाई हुनेछ र अन्य लगबूकहरु जारी गर्ने अधिकार महानिर्देशक वा निजले तोकेको अधिकारीलाई हुनेछ ।

(३) उप-नियम (१) बमोजिमको लगबूक अद्यावधिक रुपमा राख्नु पर्ने सम्बन्धी अन्य कार्यविधि तथा विवरणहरु एनेक्स तथा म्यानुअलमा तोकिए बमोजिम हुनेछ ।

७९. आदेश तथा निर्देशन दिन सक्ने : (१) ऐन तथा यस नियमावलीको अधीनमा रही विभागले एनेक्स तथा म्यानुअलको पालन गर्न गराउनको लागि सम्बन्धित निकाय, संस्था तथा व्यक्तिहरुलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम आदेश तथा निर्देशन दिंदा खास गरी देहायको विषयमा दिन सकिनेछ :-

(क) वायुयानको दर्ता र चिन्ह सम्बन्धमा,

(ख) वायुयानको निरीक्षण र प्रमाणपत्र दिने सम्बन्धमा,

(ग) विमानस्थल तथा वायुयानमा जडान गरिने उपकरण तथा अन्य भौतिक चीज वस्तुको सम्बन्धमा,

(घ) क्रू, वायुयान मर्मत तथा संभार र एअर ट्राफिक कन्ट्रोलर सम्बन्धी व्यक्तिगत ईजाजत पत्र बाहकलाई निजहरुबाट सम्पादन गरिने कामको सम्बन्धमा,

(ङ) भिजुयल र ईन्स्ट्रुमेण्ट उडान संचालन सम्बन्धमा,

(च) एअर ट्राफिक कन्ट्रोल, उडान सूचना र सचेत सेवाको स्थापना र संचालन सम्बन्धमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) निर्धारित न्यूनतम सुरक्षा व्यवस्था अपनाउनु पर्ने सम्बन्धमा,

(ज) वायुयान दुर्घटना सम्बन्धमा जानकारी दिने, अनुसन्धान गर्ने र सो सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(झ) हवाई उडान संचालनमा मौसम सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(ञ) एअर ट्राफिक कन्ट्रोलर र एअर नेभिगेशन सिष्टम सम्बन्धी सूचना दिने सम्बन्धमा,

(ट) एअर नेभिगेशनमा स्तरीय संचार उपकरण जडान गर्ने र त्यस्ता उपकरण संचालन गर्ने प्रकृया निर्धारण गर्ने सम्बन्धमा,

(ठ) वायुयान उडान र संचालनको लागि तत्सम्बन्धी सूचनाहरुको संकलन र प्रवाह गर्ने सम्बन्धमा ।

८०. एनेक्स तथा म्यानुअल लागू गर्न सकिने : विभागले अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा जारी भएका एनेक्स वा सो को कुनै खण्ड र म्यानुअल तथा डकुमेण्ट्स वा सो को कुनै खण्ड गैर सैनिक हवाई उडानलाई सुरक्षित, नियमित र व्यवस्थित तुल्याउने दृष्टिकोणले आवश्यकता तथा औचित्यताको आधारमा लागू गर्न सकेछ ।

८१. म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाइरेक्टिभ्स बनाउन सके : (१) हवाई यातायात सेवा संचालन सम्बन्धमा अन्तरराष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम, एनेक्स, म्यानुअल तथा स्टायण्डर्डहरुको कार्यान्वयनको लागि विभागले ऐन र यस नियमवलीको विपरित नहुने गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय मान्यताहरुलाई समेत ध्यानमा राखी अनुसूची-३ मा उल्लिखित विषयमा म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्स बनाउन सकेछ ।

(२) उप नियम (१) बमोजिम बनेका म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्समा रहेको व्यवस्था हवाई यातायात सेवा संचालनसंग सम्बद्ध सबै पक्षहरुलाई लागू हुनेछ ।

८२. मान्यता दिन सकिने : नियम ८१ बमोजिम म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्स नबनाएसम्म हवाई उडान तथा हवाई सेवा संचालन सम्बन्धमा अन्तरराष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा स्टायण्डर्डहरुलाई विभागले मान्यता दिई लागू गराउन सकेछ ।

८३. निरीक्षण : (१) यस नियमावली बमोजिम प्रदान गरिएको वा मान्यता दिएको कुनै पनि ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले त्यस्तो ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रमा उल्लिखित कार्य गर्दा ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र नियम ७९ बमोजिम दिईएको आदेश तथा निर्देशनको पालना गरे नगरेको तर्फ विभागको तर्फबाट अधिकार प्राप्त अधिकारीले निरीक्षण गर्न सकेछ ।

(२) उप-नियम (१) बमोजिम अधिकार प्राप्त अधिकारीले निरीक्षण गरेकोमा तत्सम्बन्धी प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा महानिर्देशकले सम्बन्धित ईजाजत, रेटिंग तथा प्रमाणपत्र बाहकलाई आवश्यक निर्देशन दिन सकेछ र त्यसरी दिएको निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४९

८४. कारवाही गर्ने : (१) नियम ८३ बमोजिमको निरीक्षणबाट प्राप्त हुन आएको प्रतिवेदनको आधारमा महानिर्देशकले आवश्यक छानबिन गरी गराई आवश्यक भएमा सम्बन्धित ईजाजतपत्र, रेटिंग वा अन्य प्रमाणपत्र खारेज वा निलम्बन गर्न सक्नेछ र अन्य कर्मचारीको हकमा विभागीय कारवाहीका लागि सम्बन्धित वायुयान धनी वा संचालककहां लेखी पठाउनु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम लेखी आएको अवस्थामा त्यस्तो कर्मचारीलाई विभागीय कारवाही गरी सजायको आदेश दिनु सम्बन्धित वायुयान धनी वा संचालकको कर्तव्य हुनेछ । सो बमोजिम गरिएको कारवाहीको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ ।

८५ अधिकार प्रत्यायोजन : यस नियमावली बमोजिम महानिर्देशकलाई भएको अधिकारहरुमध्ये केही अधिकार महानिर्देशकले आफू मातहतका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

८७. खारेजी र बचाउ : गैर सैनिक हवाई उडान नियमहरु, २०१९ खारेज गरिएको छ र सो नियमहरु अनुसार प्रदान गरिएका सबै प्रकारका ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्रहरु यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक यसै नियमावली बमोजिम प्रदान गरिएको मानिनेछ । यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र नलेखिएको कुराको हकमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

मुद्रण विभाग,

## अनुसूची – १

(नियम २४ (१), २६ (३), ३३ (४), ३५ (१), ३७ (१), ४३ (३), ४५ (१), ५३ (४), ५४ (४), ५९ (२), ६४ (२), ६८ (२) र ७१ (५) सँग सम्बन्धित)

दस्तुर

| सि.नं | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र | रजिष्ट्रेशन, ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र दस्तुर रु. | नवीकरण दस्तुर रु. | नामसारी दस्तुर रु. |
|---|---|---|---|---|
| १. | वायुयान दर्ता (रजिष्ट्रेशन) प्रमाणपत्र | | | |
| | (क) पहिलो ५,७०० के.जी. सम्म उडान तौल भएको वायुयान तथा हेलिकप्टरको – | १२,०००।- | | |
| | (ख) त्यसपछिको प्रत्येक १०,००० के.जी. को लागि थप | ५,०००।- | | |
| | (ग) खण्ड (क) र (ख) बमोजिमको प्रमाणपत्र नामसारीको | | | रजिष्ट्रेशन दस्तुरको आधा |
| | (घ) ग्लाइडर, हैंग ग्लाइडर, बेलून, माइक्रोलाइट तथा सेल प्लेनको – | ४,०००।- | | |
| | (ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र नामसारीको – | | | २,०००।- |
| २. | व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र | | | |
| | (क) विद्यार्थी वायुयान चालक ईजाजतपत्र | ५००।- | २५०।- | |
| | (ख) व्यक्तिगत वायुयान चालक ईजाजतपत्र | १०००।- | ५००।- | |
| | (ग) परीक्षण (सामयिक), अस्थायी वा प्रतिबन्धित वायुयान चालक ईजाजतपत्र | १०००।- | ५००।- | |
| | (घ) व्यापारिक वायुयान चालक ईजाजतपत्र | २,५००।- | १,२५०।- | |
| | (ङ) वरिष्ठ व्यापारिक वायुयान चालक ईजाजतपत्र | ३,०००।- | १,५००।- | |
| | (च) एअरलाइन ट्रान्सपोर्ट वायुयान चालक ईजाजतपत्र | ५०००।- | २,५००।- | |
| | (छ) ईन्स्ट्रुमेण्ट रेटिंग | ५००।- | २५०।- | |
| | (ज) सहायक उडान ईन्स्ट्रक्टर रेटिंग | ५००।- | २५०।- | |
| | (झ) उडान ईन्स्ट्रक्टर रेटिंग | १०००।- | ५००।- | |
| | (ञ) ग्लाईडर चालक ईजाजपत्र | ५००।- | २५०।- | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र दस्तुर रु. | नवीकरण दस्तुर रु. | नामसारीतथा परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|
| | (ट) उडान संचालन अधिकृत (फ्लाईट अपरेशन अफिसर) वा एअरकाफट डिस्प्याचर ईजाजतपत्र | ५००।- | २५०।- | |
| | (ठ) उडान ईन्जिनीयर ईजाजपत्र | २०००।- | १०००।- | |
| | (ड) उडान रेडियो /टेलिफोन संचालक ईजाजतपत्र | १०००।- | ५००।- | |
| | (ढ) एअर ट्राफिक कन्ट्रोलर ईजाजतपत्र । रेटिंग | ५००।- | २५०।- | |
| | (ण) एक भन्दा बढी किसिमको वायुयान प्रत्येक टाइप रेटिंगको लागि | १०००।- | ५००।- | |
| | (त) हवाई उडान निरीक्षक प्रमाणपत्र | ५००।- | २५०।- | |
| | (थ) चेक पाईलट परीक्षक प्रमाणपत्र | १०००।- | ५००।- | |
| | (द) ट्रेनिंग पाईलट अधिकारपत्र | १०००।- | ५००।- | |
| | (ध) टेक्निकल अफिसर, रेडियो, इलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनीयरिंग, सञ्चार तथा उड्डयन सहाय सम्बन्धी ईजाजतपत्र | ५००।- | २५०।- | |
| ३. | परीक्षा दस्तुर<br>यस नियमावली बमोजिम लिइने प्रत्येक परीक्षाको लागि - | | | |
| | (क) वायुयान चालक आधारभूत परीक्षाको - | | | ३,०००।- |
| | अन्य प्रत्येक परीक्षाको - | | | १,०००।- |
| | (ख) एअरक्राप्ट मेन्टिनेन्स टेकिसियन (ए. एम. टी.) को आधारभूत परीक्षाको प्रत्येक प्राविधिक विषयको - | | | २००।- |
| | अन्य प्रत्येक टाइप परीक्षाको प्रत्येक विषयको - | | | १,०००।- |
| | (ग) खण्ड (क) र (ख) बमोजिम लिइने परीक्षा बाहेक अन्य परीक्षाको - | | | ५००।- |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४४

| सि.नं | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र दस्तुर रु. | नवीकरण दस्तुर रु. | नामसारी/ परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|
| ४ | हवाई उडान योग्यताको प्रमाणपत्र | | | |
| | (क) पहिलो ५७०० के. जी. सम्म उडान तौल भएको वायुयान तथा हेलिकप्टरको - | ५०,०००/- | १०,०००/- | |
| | (ख) त्यसपछिको प्रत्येक १०,००० के.जी. को लागि थप | १०,०००/- | प्रमाणपत्र दस्तुरको पाँच खण्डको एक खण्ड | |
| ५ | वायुयान रेडियो मोवाइल ईजाजतपत्र | | | |
| | (क) पहिलो ५७०० के. जी. सम्म उडान तौल भएको वायुयान तथा हेलिकप्टरको - | ६,०००/- | ३,०००/- | |
| | (ख) ५७०० के. जी. भन्दा जतिसुकै बढी उडान तौल भएको वायुयान तथा हेलिकप्टरको | १२,५००/- | ६,२५०/- | |
| ६ | वायुयान मर्मत तथा सभार (एअर वर्क्स) स्थापना / ईजाजतपत्र | ५०,०००/- | १०,०००/- | |
| ७ | विमान तथा विमानको पार्टपूर्जा आयात, संचय तथा बिक्रि गर्ने संस्था इजाजतपत्र | ५०,०००/- | १०,०००/- | |
| ८ | एअरक्राफ्ट मेन्टिनेन्स टेक्निसियन (ए. एम. टी.) ईजाजतपत्र (प्रत्येक क्याटेगोरी/रेटिंग तथा वायुयानको कामको किसिम अनुसार छुट्टा छुट्टै) | १,०००/- | ५००/- | |
| ९ | हवाई यातायात सेवा संचालन प्रमाणपत्र (एअर अपरेटर सर्टिफिकेट) वा अनुमतिपत्र | | | |
| | (१) अन्तरराष्ट्रिय अपरेशन | | | |
| | (क) सेड्युल्ड (यात्रु/कार्गो) सेवा (नन्-सेड्युल्ड, चार्टर तथा फ्रेटर समेत) | ५,००,०००/- | १,००,०००/- | |
| | (ख) नन्-सेड्युल्ड/चार्टर सेवा | ३,००,०००/- | ६०,०००/- | |
| | (ग) फ्रेटर सेवा | ३,००,०००/- | ६०,०००/- | |
| | (२) आन्तरिक (डोमेष्टिक) अपरेशन | | | |
| | (क) सेड्युल्ड (यात्रु/कार्गो) सेवा (नन्-सेड्युल्ड, चार्टर तथा फ्रेटर समेत) | २,००,०००/- | ४०,०००/- | |
| | (ख) नन्-सेड्युल्ड/चार्टर सेवा | १,००,०००/- | २०,०००/- | |
| | (ग) फ्रेटर सेवा | १,००,०००/- | २०,०००/- | |
| | (३) जनरल एभियसन/एभियसन स्पोर्टस (ग्लाइडर, हैंग ग्लाइडर, वेलून, माइक्रोलाइट तथा सेल प्लेन आदिको) संचालनको लागि | ५०,०००/- | १०,०००/- | |
| | (४) हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कूल) संचालनको लागि | १,००,०००/- | २०,०००/- | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५५५

| सि.नं | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र | ईजाजतपत्र, प्रमाणपत्र, रेटिंग र अनुमतिपत्र दस्तुर रु. | नवीकरण दस्तुर रु. | नामसारी/ परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|
| १०. | ग्लाइडर, हैग ग्लाइडर, वेलुन, माइक्रोलाइट तथा सेल प्लेन उडान अनुमतिपत्र | | | |
| | (क) पहिलो १५ दिनको उडान अनुमतिको - | १,५००।- | | |
| | (ख) त्यसपछिको प्रत्येक थप १५ दिनको उडान अनुमतिको - | १,०००।- | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४६

## अनुसूची - २

( नियम २८ को उप-नियम (३) संग सम्बन्धित )

**वायुयानमा चिन्हहरु राख्ने स्थान**

१. वायुयानमा राष्ट्रिय र रजिष्ट्रेशन चिन्ह रंगाएर लेखिएको वा अरु कुनै किसिमले रंगाई स्थायी रुपले रहने गरी टांगिएको हुनुपर्छ र ती चिन्हहरु सदैव सफा र स्पष्ट देखिने गरी राख्नु पर्छ ।

२. चिन्ह पखेटाको तल्लो सतहमा राख्नु पर्छ । यथासम्भव सो चिन्ह पखेटाको अघिल्लो र पछिल्लो भागबाट उत्तिकै टाढा पर्ने बीच भागमा राख्नु पर्छ । अक्षरको शिर पखेटाको अघिल्लो भाग तिर हुनुपर्छ ।

३. वायुयानको पखेटाहरु र पुच्छरको सतहको बीचको फयूजलाजको दुबैतर्फ वा पुच्छरको ठाडो (भर्टिकल) सतहको माथिल्लो आधा भागहरुमा देखिने गरी चिन्हहरु राख्नुपर्छ । पुच्छरको ठाडो भागको सतहमा मात्र त्यस्तो चिन्ह राखिने भए ती चिन्हहरु दुबै तर्फ लेखिएको वा टाँगिएको हुनुपर्छ । मल्टि भर्टिकल पुच्छरको ठाडो भागमा राखिने भएमा सतहको बाहिरी भागमा लेखिनु पर्छ ।

४. अंक र अक्षरहरु छुट्टा छुट्टै चिन्ह समूहमा बराबर नापको हुनुपर्छ ।

५. पखेटामा रहेको चिन्हको लम्बाई तीस सेन्टिमिटर ( बाह्र ईन्च ) को हुनुपर्छ ।

६. फयूजलाजमा रहने चिन्हहरु फयूजलाजको बाहिरी घेरासम्म पुग्ने गरी राख्नु हुंदैन ।

७. ठाडो ( भर्टिकल ) पुच्छरको सतहमा रहने चिन्ह दुबै किनारादेखि कम से कम पाँच सेन्टिमिटर (दुई ईन्च) टाढा हुनुपर्छ ।

क्रमसंख्या ६ र ७ मा उल्लेख भएका चिन्हहरुको उचाई पन्ध्र सेन्टिमिटर (छ ईन्च) भन्दा बढी हुने छैन ।

८. अक्षरहरु रोमन लिपिमा बिना बुट्टाका ठूला अक्षरले र अंकहरु अरबी लिपिमा बिना बुट्टाका हुनुपर्छ

९. रोमन अक्षर (आई). र अरबी ( अंक ) A\A एक बाहेक प्रत्येक अक्षरको चौडाई र धर्को (-) को लम्बाई सो अक्षरको उचाइको दुई तिहाई हुनुपर्छ ।

१०. प्रत्येक अक्षर र धर्को (-) ठोस लाईनमा वायुयानको रंगरोगन मेल नखाने रंगमा अंकित हुनु पर्दछ । ठोस लाईनहरुको मोटाई अक्षरको उचाईको छ खण्डको एक खण्ड हुनुपर्छ ।

११. प्रत्येक अक्षर अघिल्लो वा पछिल्लो अक्षरबाट अक्षरको चौडाईको एक चौथाइको हिसाबले छुट्टिएको हुनु पर्दछ । यो खण्डको तात्पर्यको लागि धर्को (-) पनि अक्षर सरह मानिनेछ ।

१२. हवाई जहाज बाहेक अन्य किसिमका वायुयानहरु जस्तो हेलिकोप्टर को पार्टपूर्जाहरु हवाई जहाजको जस्तै नभएमा यस अनुसूचीमा उल्लेख भएका चिन्हहरु स्पष्ट देखिने गरी उपयुक्त स्थानमा राख्न सकिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४८७

अनुसूची - ३

( नियम ८१ संग सम्बन्धित )
म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाइरेक्टिभ्स

१. फ्लाईट अपरेसन्श म्यानुअल
२. एअर ट्राफिक कन्ट्रोल म्यानुअल तथा रिक्वायरमेण्ट्स
३. फ्लाईट सर्भिस म्यानुअल
४. कम्यूनिकेशन म्यानुअल
५. एरोनटिकल ईन्फर्मेशन पब्लिकेशन
६. अग्नीनिबारण तथा जीबनोद्धार म्यानुअल
७. खोज तथा उद्धार म्यानुअल
८. हवाई सेवा संचालन प्रमाणपत्र ( एअर अपरेटर सर्टिफिकेशन ) म्यानुअल
९. ट्रेनिंग म्यानुअल
१०. विमानस्थल ( एअरपोर्ट )म्यानुअल
११. एअर वर्दिनेश म्यानुअल
१२. विमानस्थल संकटकालीन योजना ( एअरपोर्ट ईमर्जेन्शी प्लानिंग ) म्यानुअल
१३. एरोनटिकल ईन्फर्मेशन सर्भिसेज म्यानुअल
१४. एअर ट्रान्सपोर्ट म्यानुअल
१५. हवाई सुरक्षा म्यानुअल
१६. एअरवेज ईन्जिनीयरिंग म्यानुअल
१७. फ्लाईट अपरेशन्स रिक्वायरमेण्ट्स
१८. एअर वर्दिनेश रिक्वायरमेण्ट्स
१९. फ्लाईट स्टेण्डर्ड डाइरेक्टिभ्स
२०. एअर वर्दिनेश डाइरेक्टिभ्स
२१. एरोनटिकल परिपत्रहरु ( सर्कुलर )
२२. नोटाम ( नोटिश टु एअर म्यान )

आज्ञाले,
**दीपेन्द्र पुरुष ढकाल**
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
४४८

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०५२।८।२५ को निर्णयानुसार देहाय बमोजिमका कोशी टप्पु वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समिति गठन गरेको छ:-

क. समितिको गठन:-

(१) माननीय श्री जय प्रकाश आनन्द (सदस्य, प्रतिनिधिसभा) ............अध्यक्ष

(२) अध्यक्षद्वारा मनोनित पाँचजना व्यक्तिहरू .......... सदस्य

(३) देहायका जिल्लाहरूका प्रमुख जिल्ला अधिकारी, प्रमुख मालपोत अधिकृत र नापी अधिकृतहरू:- सदस्य
(अ) सुनसरी (आ) मोरङ्ग (इ) उदयपुर (ई) सप्तरी

(४) क्षेत्रीय निर्देशक, क्षेत्रीय वन कार्यालय, मोरङ्ग .......... सदस्य

(५) संरक्षण अधिकृत, कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय ......सदस्य-सचिव

ख. समतिको काम तथा कर्तव्य:-

(१) कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा परेका जग्गाको सट्टा भर्ना दिन छुट्टयाइएको बाँकी जग्गामा अनधिकृत रूपमा बसोबास गरेका व्यक्तिहरूलाई हटाई जग्गा सट्टामा दिनुपर्ने परिवार यकिन गरी सो जग्गाबाट सट्टाभर्ना दिने ।

(२) सट्टा भर्नाको लागि छुट्टयाईएको जग्गा पर्याप्त नभएमा बाँकीको लागि के कति मुआब्जा दिनु पर्छ यकिन गरी निकासा भएको रकम मध्येबाट मुआब्जा दिने ।

(३) साबिकमा कोशी टप्पु वन्यजन्तु आरक्ष कायम गर्दा पश्चिमी सिमानाको सप्तरी र उदयपुर जिल्लास्थित आरक्षको सीमाना निर्धारण गरी मुंआब्जा दिन बाँकी नम्बरी जग्गाको मुआब्जा वितरण गर्ने ।

(४) कोशी प्रोजेक्टबाट अधिग्रहण गरिसकेका जग्गा बाहेक अन्य जग्गाको यकिन लगत कायम गर्ने ।

(५) जग्गाधनी प्रमाण पूर्जा नभएको जग्गाको हकमा जग्गा (नाप जाँच) ऐन, २०१९ अनुसार छूट दर्ता सम्बन्धमा कारवाही चलिरहेको जग्गाको मालपोत कार्यालयबाट स्वामित्व कायम भै आएमा मुआब्जा वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) साबिक आरक्ष सीमाना, खोला, तटबन्ध, बाटो वा अन्य मनासिब कारणबाट सीमाना हेरफेर गर्नुपर्ने अवस्था परेमा सो समेत यकिन गरी नाप नक्सा सीमानाको निर्धारण गरी गराई राजपत्रमा सूचना प्रकाशन गर्ने कार्यको लागि वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गर्ने ।

(७) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको नाममा कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालयको जग्गा खरिद तथा मुआब्जा वितरणको लागि भनि ब.शि.नं. ९।५।१३ मा व्यवस्था भएको रु. २५,००,०००।- (पच्चिस लाख) मध्येबाट मुआब्जा वितरण गर्ने ।

(८) मुआब्जा रकम नपुग भएमा थप निकासाको लागि माग गर्ने ।

ग. समितिको अधिकार:-

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो समितिका अध्यक्षलाई उक्त समिति कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी देहायका कानून अन्तर्गतका देहायका अधिकारहरू प्रदान गरेको छ :-

(१) वन ऐन, २०४९ को परिच्छेद-२ अन्तर्गतको राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था सम्बन्धमा जिल्ला वन अधिकृतलाई भएका अधिकारहरू ।

(२) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ३,७,८ र १२ बमोजिम सो अधिकारीलाई भएका अधिकारहरू ।

(३) मालपोत ऐन, २०३४ को दफा २४,२९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालयका प्रमुखलाई भएका अधिकारहरू ।

(४) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ र ६ ख. अनुसार प्रमुख जिल्ला अधिकारीलाई भएका अधिकारहरू ।

घ. समितिको कार्यावधि २०५३ साल आषाढ मसान्तसम्म कायम हुनेछ ।

ङ. हाल कार्यरत कोशी टप्पु वन्यजन्तु आरक्ष विस्तार व्यवस्था समिति, सुनसरी विघट्न गरिएको छ ।

आज्ञाले,

**नारायण राज तिवारी**

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।